पाठ
२

# ख्रीष्टियानको समुदाय

गाउँको मुख्य व्यक्तिलाई गा.बि.स.-को अध्यक्ष भनिन्छ। नगर-पालिकाको प्रमुखलाई मेयर भनिन्छ। प्रहरीले आफ्नो क्षेत्रभित्र नियम-कानून लागू गर्छन्। अर्को गाउँ वा शहरमा भएका कुराहरूका बारेमा गाउँ प्रमुख वा नगर प्रमुखले कुनै हस्तक्षेप गर्न सक्दैनन्। प्रहरीले पनि आफ्नो क्षेत्रभन्दा बाहिर नियम-कानूनलाई लागू गर्न सक्दैनन्। यी सबैका सिमानाहरू वा सीमाहरू छन्। तिनीहरूका आफ्नै सिमानाहरूभन्दा बाहिर तिनीहरूको अधिकार हुँदैन।

ख्रीष्टियानको निम्ति यो कुरा भिन्नै छ। मत्ती २८:१६-२०-मा "सबै मानिसहरूकहाँ सबै ठाउँमा" जानका लागि येशूले हामीलाई भन्नुभएको छ। काम गर्नका लागि हामीलाई कुनै सीमित क्षेत्र छुट्याइएको छैन। येशूले हामीलाई सबै संसारमा पठाउनुहुन्छ। त्यसमा सबै ठाउँका सबै मानिसहरू संलग्न गरिएका छन्!

पाठ १-मा हामीले *समुदायको* आत्माको बारेमा अध्ययन गऱ्यौं। तपाईंले यस आत्मालाई देखाउने ठाउँ तपाईंको समुदाय नै हो भनी तपाईंले यस पाठमा अध्ययन गर्नुहुनेछ। तपाईंले अध्ययन



अध्ययन गर्दैजानुहुँदा यस कुरालाईचाहिँ ध्यान दिनुहोस् कि समुदाय भनेको *ठाउँभन्दा* पनि *मानिसहरूको समूह* हो। तपाईं जहाँसुकै जानुभए तापनि तपाईंले अरूहरूसँग ख्रीष्ट बाँड्नुहुँदा तपाईं त्यस समुदायको अङ्ग बन्न सक्नुहुन्छ!

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

प्रेरित १:८-का चार समुदायहरू
यरूशलेम– तपाईंको व्यक्तिगत संसार
यहूदिया– तपाईंको देश
सामरिया– तपाईंका छिमेकी देशहरू
पृथ्वीको अन्त– तपाईंको संसार

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- प्रेरित १:८-मा उल्लेखित चार क्षेत्रहरूलाई तपाईंको जीवनमा भएका समुदायका क्षेत्रहरूमा कसरी प्रयोग गर्न सकिन्छ सो

वर्णन गर्न।

- ख्रीष्टियानको हैसियतले यी प्रत्येक क्षेत्रहरूमा भएको आफ्नो जिम्मेवारीलाई बुझ्न।

## प्रेरितहरू १:८-का चार समुदायहरू

उद्देश्य १ *प्रेरित १:८-का चार समुदायहरूलाई परिचित गर्नुहोस्।*

> तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ (प्रेरित १:८)।

माथि उद्धृत गरिएको बाइबल पदमा येशू आफ्ना चेलाहरूसँग कुरा गरिरहनुभएको थियो। पवित्र आत्माको शक्तिको निम्ति यरूशलेममा पर्खनु भनी उहाँले तिनीहरूलाई बताउनुभयो। उहाँले भन्नुभयो कि तिनीहरूले यो शक्ति प्राप्त गरेपछि तिनीहरू साक्षी हुनेछन्।

साक्षी त्यो व्यक्ति हो, जसले घटनालाई देखेको हुन्छ र आफूले देखेका कुरालाई बताउँछ। आफूले गरेका अचम्मका कामहरूका बारेमा आफ्ना चेलाहरूले बताएको येशू चाहनुहुन्थ्यो। उहाँले रोगी शरीरलाई निको पार्नुभयो, मरेकाहरूलाई बौरि-उठाउनुभयो, संसारका पापहरूका निम्ति मर्नुभयो, मृत्युबाट बौरिउठ्नुभयो, र अन्तमा स्वर्गमा जानुभयो। तिनीहरू यी घटनाहरूका निम्ति गवाह (साक्षी) हुनुपर्ने थियो। सबैभन्दा पहिला तिनीहरूले यरूशलेममा नै शुरू गर्नुपर्थ्यो, तब त्यहाँबाट तिनीहरू यहूदिया र सामरिया हुँदै पूरै पृथ्वीमा साक्षी हुनुपर्ने थियो। तिनीहरूको साक्षीको निम्ति येशूले कुनै सीमा निर्धारित गर्नुभएन। तलको चित्रले यसलाई नमूनित गर्छः




## तपाईंको अभ्यासको निम्ति

१ प्रमुखहरू, मेयरहरू र प्रहरीहरूलाई दिइएका भन्दा ठूलो आज्ञा येशूले मत्ती २८:१६-२०-मा दिनुभएको छ, किनभने यसको

**क.** सीमा छ।

**ख.** सीमा छैन।

२ पाठ १-मा अध्ययन गरिएको समुदायको आत्मा

**क.** जताततै पाउन सकिन्छ।

**ख.** कुनै-कुनै ठाउँमा मात्र पाउन सकिन्छ।

३ प्रेरित १:८ फेरि पढ्नुहोस्, त्यसपछि येशूले आफ्ना चेलाहरूलाई साक्षी हुनू भनी बताउनुभएका ठाउँहरूका सूची बनाउनुहोस्।

..................................................................................

..................................................................................

*पाठको अन्तमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरू जाँच्नुहोस्।*

## यरूशलेम– तपाईंको व्यक्तिगत संसार

उद्देश्य २ *तपाईंको आफ्नै 'यरूशलेम'-को क्षेत्रलाई परिचित गर्नुहोस्।*

प्रेरित १:८-को बनावटलाई तपाईंले बुझ्नैपर्छ। आफ्ना चेलाहरू र अरू ५०० जना विश्वासीहरूसँग यरूशलेममा येशू कुरा गरिरहनुभएको थियो। पेन्तिकोसको दिनमा तिनीहरूमाथि बड़ो उदेकको काम हुनेछ भनी उहाँले तिनीहरूलाई बताउनुभयो। तिनीहरूको सेवा येशूले शुरू गर्नुभएको सेवालाई नै निरन्तरता दिनु हो भनी यी विश्वासीहरूले पूरै रूपमा बुझेका थिएनन्। आफ्ना प्रभुले आफूलाई छोड्दै हुनुहुन्छ भन्ने कुरा पनि तिनीहरूले बुझेकोजस्तो देखिँदैन। पवित्र आत्मा तिनीहरूमाथि आउनुभएपछि तिनीहरू शक्तिले भरिनेछन् भन्ने यो प्रतिज्ञा दिएपछि एक्कासि येशू स्वर्गतिर उचालिँदै अलप हुनुभयो र तिनीहरूले उहाँलाई देख्दैदेखेनन्।



तब पेन्तिकोसको दिनमा के भयो भन्ने कुराको विवरण हामी प्रेरित २:१-६-मा पाउँछौं। यी पदहरूलाई पढ्नुहोस् र

येशूले प्रतिज्ञा गर्नुभएअनुसार विश्वासीहरूले पवित्र आत्माको भरपूरि पाएको कुरालाई तपाईं देख्नुहुनेछ। तिनीहरूलाई सुन्ने र देख्ने मानिसहरूलाई यो कुरा अचम्म र उदेकको लाग्यो।

भइराखेको घटनालाई मानिसहरूका बीचमा व्याख्या गर्ने मौका पत्रुसले पाए (प्रेरित २:१४-३२)। उनले तिनीहरूलाई येशूको पुनरुत्थानको बारेमा याद दिलाए र उनले भने, "यस कुराका हामी सबै साक्षी छौं" (प्रेरित २:३२)। करीब ३००० मानिसहरूले यस सन्देशमा प्रतिउत्तर दिए र ख्रीष्टमा विश्वास गरे।

प्रेरितको तेस्रो अध्यायले प्रदर्शन गरिएका धेरै आश्चर्यकर्महरूको उल्लेख गरेको छ। प्रेरितहरू साक्षी थिए कि "येशूमा राखिएको विश्वासद्वारा" आश्चर्यकर्महरू घटेका थिए (प्रेरित ३:१६)। पत्रुस र यूहन्नाले मानिसहरूलाई प्रचार गरे र विश्वास गर्नेहरूको संख्या बढ़ेर करीब ५००० भयो भनी ४ अध्यायले बताउँछ। सन्देशचाहिँ सधैं नै येशूको मृत्यु र पुनरुत्थानको बारेमा थियो। प्रेरित ३:१५ र ५:३२-मा पत्रुसले फेरि उल्लेख गरेका छन्, "हामी यी कुराहरूका साक्षी छौं।" यसरी येशूले भन्नुभएझैं तिनीहरू यरूशलेममा साक्षी बने।

येशूमा भएको नयाँ जीवनको बारेमा अरूहरूलाई बताउने जिम्मेवारी प्रत्येक ख्रीष्टियान पुरुष र स्त्रीको हो। पृथ्वीको अन्तसम्म सुसमाचार फैलाउने काम प्रेरितहरूका मात्र नभएर अरू ख्रीष्टियान मानिसहरूको पनि हो (प्रेरित ८:१-४)। यी मानिसहरू पवित्र आत्माद्वारा भरिएका थिए। संसारलाई ख्रीष्टियान समुदाय देखाउने ठूलो इच्छा तिनीहरूको थियो। जतातत्तै तिनीहरूले सुसमाचार प्रचार गर्न शुरू गरे।

तर हामीले कहाँ शुरू गर्ने? यरूशलेममा ख्रीष्टियानहरूले शुरू गरेकै ठाउँमा– हाम्रो समुदायको घरमा, हाम्रो आफ्नै

परिवार र छिमेकीहरूका बीचमा, दिनहुँ हामी सम्पर्कमा आउने मानिसहरूका बीचमा। तपाईंको संसारमा, तपाईं बस्नुभएको ठाउँमा, तपाईंले काम गर्नुभएको ठाउँमा र तपाईंले आफ्नो समय बिताउने ठाउँमा– जहाँचाहिँ प्रेम, बाँड़चूँड़ र वास्ता शुरू हुनैपर्छ। तपाईंको व्यक्तिगत संसार, तपाईंको यरूशलेम, तपाईंका आफ्नै मानिस, तपाईंसँगै बस्नेहरूले *तपाईंमा* ख्रीष्टियान समुदायको आत्मा देख्न सकून्।

### तपाईंको अभ्यासको निम्ति

**४** तपाईंको बाइबलमा प्रेरित १:८; ८:१-४; ३:१२-१६ र ५:३०-३२ पढ्नुहोस्। यी पदहरूले केको बारेमा बताउँदैछन्।

..................................................................

**५** प्रत्येक **ठीक** बयानहरूको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** सेवकहरू वा प्रचारकहरू हुनका लागि बोलाइएकाहरूले मात्र सुसमाचार प्रचार गर्ने जिम्मेवारी पाएका छन्।

**ख.** यस पाठअनुसार ख्रीष्टियानको हैसियतले मेरो पहिलो जिम्मेवारीचाहिँ हरेक दिन म जस-जससँग हुन्छु, तिनीहरूलाई ख्रीष्टको बारेमा साक्षी दिनु हो।

**६** तपाईंको यरूशलेम यो ठाउँ हो, जहाँ प्रायःजसो तपाईं बस्नुहुन्छ र आफ्नो समय बिताउनुहुन्छ। तपाईं दिनदिनै सम्पर्कमा आउनुहुने मानिसहरूका नामलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्। तपाईंले तिनीहरूलाई साक्षी दिन सक्ने र समुदायको आत्मा देखाउन सक्ने तरीकाहरूको उल्लेख गर्नुहोस्। तपाईंको व्यक्तिगत संसारमा प्रभावशाली साक्षी हुनका लागि प्रभुको सहायताको निम्ति उहाँसँग बिन्ती गर्नुहोस्।

## यहूदिया– तपाईंको देश

उद्देश्य ३ *तपाईंको "यहूदिया" भन्न सकिने क्षेत्रलाई परिचित गर्नुहोस्।*

येशूका चेलाहरू विश्वासयोग्य भई यरूशलेममा साक्षी दिँदा त्यहाँका धार्मिक अगुवाहरू डाही बने र ख्रीष्टियानहरूलाई सतावट दिन थाले। प्रेरित ८:१-ले हामीलाई बताउँछ कि यरूशलेम एकलेसियामा भएका सबै विश्वासीहरूले निर्दयी सतावटको कष्ट भोग्न शुरू गरे। यसको कारणले तिनीहरूबाहेक अरूहरू सबैले यरूशलेम छोड़े र यहूदिया र सामरियाका विभिन्न भागहरूमा छरिए। प्रेरित ८:४-ले हामीलाई बताउँछः "तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे।"

ख्रीष्टियानहरू यरूशलेम छोड्नलाई बाध्य भए र जसको फलस्वरूप तिनीहरू साक्षीको निम्ति यहूदियामा जानुपर्ने येशूको आज्ञाको दोस्रो भागलाई तिनीहरूले पूरा गरे। रोमी प्रदेश यहूदियामा यरूशलेम रहेको थियो। त्यहाँ बस्ने यहूदीहरूले पनि येशूको बारेमा सुन्नु आवश्यक थियो।

धेरै वर्ष पहिले मिश्रको दासत्वबाट आफ्ना मानिसहरूलाई छुटकारा दिनका लागि परमेश्वरले मोशा नाम गरेका मानिसहरूलाई बोलाएर तिनीहरूकहाँ पठाउनुभयो। यो काम गर्नका लागि मोशाले आफूलाई अयोग्य ठाने। तर परमेश्वरले प्रतिज्ञा गर्नुभयो कि उहाँ मोशासँगै जानुहुनेछ र बोल्नका निम्ति उनलाई वचनहरू दिनुहुनेछ (प्रस्थान ३-४)। आफू एकलैले यो गर्न सक्दिनँ भनी मोशाले अनुभव गरेका कुरा असलै थियो। परमेश्वरमा पूरा भरोसा राख्नका लागि यसले उनलाई सिकाएको थियो।

मोशाको जस्तै अनुभव तपाईंको पनि होला। मोशालाई

दिइएको उत्तर नै तपाईंको उत्तर हो। परमेश्वर तपाईंसँग हुनुहुनेछ। उहाँले तपाईंलाई सहायता गर्नुहुनेछ। "आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझशक्तिमा भर नपर्" (हितोपदेश ३:५)।



तपाईंको यरूशलेममा सेवा गर्ने काममा तपाईं विश्वासयोग्य हुनुभएपछि तपाईंको यहूदिया तपाईंको आफ्नै क्षेत्र, प्रदेश वा देश-मा तपाईंलाई पठाउनका लागि तपाईंले परमेश्वरलाई अनुमति दिनु आवश्यक छ। तपाईंले भन्नुहोला, "मेरो देशलाई परमेश्वरकहाँ ल्याउनको लागि म कसरी सहायता गर्न सक्छु? यस प्रश्नको उत्तरमा साँचो (चावी) पाउन सकिन्छः तपाईं सिङ्गै पाउरोटीलाई कसरी खान सक्नुहुन्छ?" उत्तरचाहिँ यही हो, "एक पल्टमा एक गाँस खाएर।"

ख्रीष्टियान जीवनमा पनि यही कुरा सत्य छ। स-साना कुराहरूमा विश्वासयोग्य हुनुहोस्। परमेश्वरले मौकाका ढोकाहरू खोलिदिनुहुनेछ। अरू मानिसहरूकहाँ सन्देश पुऱ्याउने त्यहाँ धेरै उपायहरू छन्। उदाहरणको लागि तपाईंको एकलेसियामा सण्डे-स्कूल (बाल-सङ्गति) कक्षामा सिकाएर, तपाईं यो शुरू गर्न सक्नुहुन्छ। बिरामीलाई वा झ्यालखानामा परेकाहरूलाई भेट्न जाँदा तपाईंले आफ्ना पास्टरलाई सहायता गर्न सक्नुहुन्छ।

तपाईंले वृद्ध व्यक्तिलाई वा खाँचोमा परेको कुनै व्यक्तिलाई खानेकुरा लैजान सक्नुहुन्छ। यदि तपाईं घरबाट टाढ़ै यात्रा गरिरहनुभएको छ भने कसैलाई दया देखाउने वा ख्रीष्टको बारेमा भन्ने उपायहरूलाई तपाईं खोज्न सक्नुहुन्छ। पवित्र आत्मामाथि भरोसा राख्नुहोस् र तपाईंको यहूदिया– तपाईंको देशमा समुदायको आत्मा देखाउने तरीकाहरू भेट्टाउनका लागि उहाँले तपाईंलाई सहायता गर्नुहुनेछ।

## तपाईंको अभ्यासको निम्ति

७ ठीक बयानहरूको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** तपाईंले आफ्नो देशलाई समुदाय देखाउन सक्ने सबैभन्दा ठूलो तरीकाचाहिँ ठूला-ठूला योजनाहरू बनाउनु र ठूला भीडहरूलाई प्रचार गर्नु हो।

**ख.** तपाईंको यहूदिया तपाईंको क्षेत्र, प्रान्त वा देश हो।

**ग.** परमेश्वरले तपाईंलाई ठूला कुराहरूका निम्ति प्रयोग गर्नुभन्दा पहिले तपाईं साना कुराहरूमा विश्वासयोग्य हुनैपर्छ।

८ तपाईंको देशमा भएका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्। समुदायको आत्मासाथ अरूहरूका सेवा गर्नका लागि परमेश्वरले तपाईंलाई प्रयोग गर्नुभएको होस् भनी उहाँसँग प्रार्थना गर्नुहोस्। तपाईंको व्यक्तिगत संसारभन्दा बाहिरको क्षेत्रमा यस आत्मालाई तपाईंले देखाउन सक्ने तरीकाहरूलाई लेख्नुहोस्। (आफ्नो अभ्यास-पुस्तिका प्रयोग गर्नुहोस्।)

९ परमेश्वरमा भरोसा गर्ने बारेमा मोशाको उदाहरणले हामीलाई के सिकाउँछ? ..................................................

..............................................................................

## सामरिया– तपाईंका छिमेकी देशहरू

उद्देश्य ४ *तपाईंको "सामरिया" भन्न सकिने क्षेत्रहरूलाई परिचित गर्नुहोस्।*

एउटा कुराचाहिँ निश्चित नै छ– यरूशलेममा बस्ने मानिसहरूका निम्ति सामरियाचाहिँ टाढ़ाजस्तो थियो! वास्तवमा यहूदीहरूले सामरीहरूलाई विदेशी मानिसहरू भनी ठान्थे। यहूदी र सामरीहरू सम्बन्धित मानिसहरू भए तापनि तिनीहरूको एक-अर्कासँग कुनै आवत-जावत नै थिएन। यहूदीहरूले सामरीहरूलाई अछुत जाति भनी ठान्थे। तर हामी प्रेरित ८-मा पढ्छौं कि फिलिप्पी पवित्र आत्माले भरिएपछि ख्रीष्टको बारेको सुसमाचार प्रचार गर्नका लागि उनी सामरियामा गएका थिए। अनि प्रेरित १०-ले हामीलाई बताउँछ कि सामरियाको शहरमा गई येशूको बारेमा कुनै मानिसलाई साक्षी दिनू भनी परमेश्वरले पत्रुसलाई अराउनुभयो। पत्रुसले जान चाहेनन्, तर अन्यजातिहरू र यहूदीहरूलाई उनले साक्षी दिनुपर्छ भनी परमेश्वरले उनलाई देखाउनुभयो।

पुरानो करारमा योनाको पुस्तकमा पनि यस्तै अर्को उदाहरण छ। अगमवक्ता योना धेरै घमण्डी र स्वार्थी मानिस थिए। सामरिया राज्यमा भएको निनवे शहरमा गएर प्रचार गर्नू भन्ने सन्देश उनले परमप्रभुबाट प्राप्त गरे। योना निनवे शहरमा जान चाहेनन्, किनकि त्यहाँका मानिस उनका निम्ति विदेशी वा परदेशी थिए।

यी मानिसहरूप्रति योनाको सरोकार नभएको हुनाले उनले त्यहाँ जानलाई इन्कार गरे। यसको सट्टामा त उनी विपरीत दिशातिर गई त्यहाँ राखिएको पानी जहाजभित्र पसे। परमप्रभुले

ठूलो हुरी-बतास पठाउनुभयो र जहाज डुब्नै लाग्यो। आफूले परमप्रभुको आज्ञा भङ्ग गरेको कुरा योनाले जहाजका कप्तानलाई बताए। उनले भने, "मलाई समुद्रमा फालिदिनुहोस् र आँधी शान्त हुनेछ" (योना १:१२)। यसै गरियो र तुरुन्तै समुद्र शान्त भइहाल्यो।





तब योनालाई निल्नका लागि परमप्रभुले ठूलो माछा पठाउनुभयो। योनाले माछाको पेटबाट प्रार्थना गरे र आफू अनाज्ञाकारी भएकोमा प्रभुसँग क्षमा मागे। तब परमप्रभुको आज्ञाअनुसार माछाले योनालाई समुद्रको किनारमा लगी ओकलिदियो र योनाचाहिँ अब परमप्रभुको आज्ञा पालन गर्न तयार भए। उनी दुष्ट निनवे शहरमा गए, परमप्रभुको वचन प्रचार गरे, र धेरै मानिसहरूले पश्चात्ताप गरे। परमप्रभुले शहरलाई बचाउनुभयो र आज्ञाकारिताको बारेमा योनालाई पाठ सिकाउनुभयो।

परमेश्वरले प्रत्येकलाई प्रेम गर्नुहुन्छ। निनवेका मानिसहरूप्रति अझै दयालु हुन चाहनुहुन्छ। यदि हामीले उहाँको आज्ञा पालन गर्‍यौं भने, हाम्रो नजीकका देशहरूमा बस्ने मानिसहरूकहाँ सुसमाचार पुर्‍याउनका लागि उहाँले हामीलाई सहायता गर्नुहुन्छ। परमेश्वरले एउटालाई भन्दा अर्कोलाई बढ़ी

प्रेम गर्नुहुन्न। उहाँलाई पुकार्नेहरू सबैलाई उहाँले क्षमा दिनुहुन्छ।

तपाईंको देश नजीकै भएका देशहरूमा बस्ने मानिसहरूसँग तपाईं कसरी ख्रीष्टियान समुदाय बाँड्न सक्नुहुन्छ? सबैभन्दा पहिलो कुरा त तपाईं तिनीहरूका निम्ति प्रार्थना गर्न सक्नुहुन्छ। सुसमाचारको कथा तिनीहरूकहाँ पुऱ्याउनका लागि तपाईं आफ्ना रुपियाँपैसा वा सरसामानहरू दिएर सहायता गर्न सक्नुहुन्छ। तपाईं आफै पनि तिनीहरूकहाँ जान सक्नुहुन्छ। परमेश्वरलाई सीमित नतुल्याउनुहोस्। तपाईंको जीवनमा उहाँको योजनालाई पूरा गर्न उहाँलाई दिनुहोस्। अरूहरू ठाउँमा भएका मानिसहरूलाई ख्रीष्टमा जित्नका लागि तपाईंलाई धेरै रुपियाँपैसाको आवश्यकता पर्दैन। यदि सबै ख्रीष्टियानहरूले येशूको आज्ञालाई पालन गरे भने, खाँचो पूरा हुनेछ– सुसमाचार पृथ्वीको अन्तसम्म पुऱ्याइनेछ!

### तपाईंको अभ्यासको निम्ति

१० प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** अरू देशका मानिसहरूका निम्ति प्रार्थना गरेर र सुसमाचार सुनाउने मानिसहरूलाई सहयोग गरेर म तिनीहरूसँग ख्रीष्टियान समुदाय बाँड्न सक्छु।

**ख.** निनवेका मानिसहरूले परमेश्वरको सेवा नगरेका हुनाले उहाँले तिनीहरूको वास्ता गर्नुभएन। म त कुनै मानिसहरूको भाषा बोल्न जान्दिनँ भने मैले तिनीहरूको वास्ता गर्नुपर्छ भनी परमेश्वरले आशा राख्नुहुन्न।

**घ.** योनाले आज्ञाकारितामा पाठ सिके।

११ के तपाईंले विदेशी वा नौला मानिसहरू भनी सोचेको कुनै समूह त्यहाँ छ? तिनीहरू को हुन्? तिनीहरूलाई

तपाईं कसरी सहायता पुऱ्याउन सक्नुहुन्छ?

.............................................................

यी मानिसहरूले परमेश्वरलाई चिन्न सकून् भनी प्रार्थना गर्नुहोस्। उहाँका निम्ति ती मानिसहरूलाई कसरी जित्न सकिन्छ परमेश्वरको सहायताको निम्ति बिन्ती गर्नुहोस्।

---

**पृथ्वीको अन्त– तपाईंको संसार**

---

उद्देश्य ५ *तपाईंको निम्ति "पृथ्वीको अन्त"-को अर्थलाई परिचित गर्नुहोस्।*

यो कुरा सत्य छ कि जब तपाईं आफ्नो व्यक्तिगत संसारमा भएका, तपाईंको देशमा भएका र परदेशी मानिसहरूको वास्ता गर्न शुरू गर्नुहुन्छ, तब पूरै संसारको निम्ति तपाईंमा वास्ता जाग्छ। यो सरोकारमा प्रत्येक जाति र प्रत्येक राष्ट्र समावेश गरिएको हुन्छ।

संसारमा सबैभन्दा महान् मिशनरी प्रेरित पौलस थिए। उनी यरूशलेम, यहूदिया, सामरियाबाट बाहिर गए र परमेश्वरको निम्ति पृथ्वीको अन्तको दर्शन पाए। प्रत्येक मिशनरी यात्रामा उनी टाढ़ा-टाढ़ा ठाउँमा सुसमाचार लिएर गए। उनको पहिलो यात्रामा पालेस्टाइनमा भएको उनको घरको नजीकै एशिया माइनरमा उनी गएका थिए। दोस्रा र तेस्रा यात्राहरूमा उनी ग्रीससम्म पुगे। उनको अन्तिम यात्रामा उनी टाढ़ा रहेको रोमसम्म र सम्भवतः स्पेनसम्म पुगेका थिए। साँच्चै नै संसारको अन्तसम्म पुग्ने र सबै ठाउँका सबै मानिसहरूलाई येशू ख्रीष्टको बारेमा बताउने सरोकार पौलसमा थियो।

येशूले भन्नुभयो, "यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई

बप्तिस्मा देओ'' (मत्ती २८:१६)। समुदायका सीमाहरू महान् छन्। तिनीहरू असीमित छन्। तिनीहरू तपाईंको व्यक्तिगत संसारबाट पृथ्वीको अन्तसम्म पुग्छन्। तिनीहरूले जताततैका सबै मानिसहरूलाई छुन्छन्। बाइबलिय सरोकार समुदायको आत्मालाई तपाईं कसरी देखाउन सक्नुहुन्छ, सो कुरा के तपाईंले अहिले बुझ्नुभएको छ? हामी प्रेमको पाखुरासाथ मानिहरूकहाँ पुगौं र संसारलाई ख्रीष्टियान समुदायको हाम्रो आत्मा देखाऔं।

म तपाईंलाई बेलायतकी एक जवान स्त्रीको बारेमा बताउन चाहन्छु, जोसँग पृथ्वीको अन्तको समुदायको धारणा थियो। तिनको नाम ग्लाडिस आइलवाड थियो। तिनी ई.सं. १९२०-मा लण्डनमा एक धनी परिवारमा कमारीको काम गर्थिन्। यद्यपि, चिनियाहरूलाई येशूको बारेमा बताउने ठूलो इच्छा तिनमा थियो। तर चीन देश कहाँ छ भन्ने कुरा पनि तिनलाई थाहा थिएन।

रेलद्वारा चीनको लामो यात्रा गर्न सकिन्छ भनी अन्तमा तिनले सुनिन्। तिनले रेलको टिकट किनिन् र यूरोप पार गरिन् र त्यसपछि अर्को रेल चढ़ी साइबेरियाको बाटो गरी गइन्। धेरै दिन र रातको यात्रापछि अन्तमा तिनी चीन देशमा पुगिन्।

ग्लाडिस आइलवाडले येशूको बारेमा मानिसहरूलाई बताउँदै चालीस वर्षभन्दा बढ़ी चीनमा काम गरिन्। एक पल्ट उनले झ्यालखानाको विद्रोहलाई रोकिन्। तिनले धेरै मानिसहरूलाई मुक्तिदाता येशू ख्रीष्ट चिनाउनका लागि सहायता गरिन्। तिनले हजारौं अनाथहरूको हेरचाहा गरिन्। दोस्रो विश्वयुद्धको समयमा तिनले यी सय जना केटाकेटीहरूलाई पहाड़को बाटो हिँड़ाएर युद्ध क्षेत्रबाट अन्तै लगी सुरक्षासाथ राखिन्। यी सानी स्त्रीमा भएको समुदायको आत्मा तिनको आफ्नै शहर वा देशभन्दा अझै टाढ़ासम्म पुगेको थियो। तिनको शुरू साह्रै सानो थियो, तर तिनको प्रेमचाहिँ परमेश्वरको जस्तो थियो। योचाहिँ बेलायतबाट टाढ़ा चीनसम्म पुग्यो।



### तपाईंको अभ्यासको निम्ति

यी वाक्यहरूलाई पूरा गर्नुहोस्।

१२ ग्लाडिस आइलवाडका निम्ति पृथ्वीको अन्तचाहिँ ..........
.................................................. मा जानुथियो।

१३ म .................................. द्वारा पृथ्वीको अन्तको सामुदायिक आत्मा प्राप्त गर्न सक्छु। ........................
...................................................................
...................................................................

१४ बायाँपट्टि सूची बनाइएको समुदायको प्रत्येक क्षेत्रको अगाडिको खाली ठाउँमा त्यस क्षेत्रमा बस्ने मानिसहरूको समूहलाई प्रतिनिधित्व गर्ने दायाँपट्टिबाटको अङ्क लेख्नुहोस्।

...... क. सामरिया　　१ ) मेरा देशवासीहरू

...... **ख.** यहूदिया २) छिमेकी देशहरूका मानिसहरू
...... **ग.** पृथ्वीको अन्त ३) मेरो परिवार र छरछिमेकीहरू
...... **घ.** यरूशलेम ४) टाढ़ा-टाढ़ा देशका मानिसहरू

**१५** अब यस पाठको शुरूमा दिइएको चित्रलाई फेरि हेर्नुहोस्। त्यहाँ दिइएको प्रत्येक धर्कोमा कुन मानिसहरूको समूहलाई प्रतिनिधित्व गरिएको छ सो लेख्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

८ तपाईंको उत्तर। तपाईंले प्रार्थना गर्नुहुँदा धेरै मानिसहरूलाई सेवा पुऱ्याउनको लागि परमेश्वरले तपाईंलाई तरीकाहरू देखाउनुहुनेछ।

१ ख) सीमा छैन।

९ परमेश्वरले जे कुरा गर्नका लागि हामीलाई अराउनुहुन्छ, यो पूरा गर्नका लागि उहाँले सहायता गर्नुहुन्छ भनी हामी भरोसा राख्न सक्छौं।

२ क) जताततै पाउन सकिन्छ।

१० **क** ठीक। **ग** बेठीक
**ख** बेठीक **घ** ठीक

३ यरूशलेम, यहूदिया, सामरिया र पृथ्वीको अन्त।

११ तपाईंको उत्तर। तपाईं तिनीहरूका निम्ति प्रार्थना गर्न सक्नुहुन्छ र सुसमाचार प्राप्त गर्नका निम्ति तिनीहरूलाई सहायता पुऱ्याउने तरीकाहरू देखाउनुहोस् भनी परमेश्वरसँग बिन्ती गर्नुहोस्।

४ कसरी विश्वासीहरूले ख्रीष्टको बारेमा साक्षी दिए।

१२ चीन।

५ **क** बेठीक
**ख** ठीक।

१३ सबै ठाउँमा सबै जनालाई प्रेम र सरोकार देखाउने।

६ तपाईंको उत्तर। अरूहरूसँगका तपाईंका सबै क्रियाकलापहरूमा समुदायको आत्मा र ख्रीष्टियान प्रेम देखाउनुपर्ने आवश्यकताप्रति तपाईं अझै सचेत बनिरहनुभएको छ भन्ने कुरामा म आशावादी छु।

१४ **क** २) छिमेकी देशहरूका मानिसहरू।
**ख** १) मेरा देशवासीहरू।
**ग** ४) टाढ़ा-टाढ़ा देशका मानिसहरू।
**घ** ३) मेरो परिवार र छरछिमेकीहरू।

७ **क** बेठीक।
**ख** ठीक।
**ग** ठीक।

१५ **क** *यरूशलेम*ः मेरो परिवार र छिमेकीहरू।
**ख** *यहूदिया*ः मेरा देशवासीहरू।
**ग** *सामरिया*ः छिमेकी देशहरूका मानिसहरू।
**घ** *पृथ्वीको अन्त*ः टाढ़ा-टाढ़ा देशका मानिसहरू।